प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्
# वागमती प्रदेश कार्यालय
हेटौडा, मकवानपुर

**डिप्लोमा/प्रमाण पत्र तहको पूर्ण शुल्किय तर्फको सामान्य चिकित्सा , नर्सिङ्ग र फार्मेसी कार्यक्रमको प्रवेश परीक्षाको नतिजा प्रकाशन गरिएको सम्वन्धी अत्यन्त जरुरी सूचना ।**

**(सूचना प्रकाश मिति २०८०।०५।१८)**

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी भक्तपुरको पूर्व प्रकाशित सूचना अनुसार डिप्लोमा / प्रमाण पत्र तहको पूर्ण शुल्किय तर्फ सामान्य चिकित्सा , नर्सिङ्ग र फार्मेसी कार्यक्रमहरुको मिति २०८०।०५।०९ गते विहान ८:०० वजे वागमती प्रदेश भित्र तोकिएको परीक्षा केन्द्रहरुमा संचालन गरिएको प्रवेश परीक्षामा सम्मिलित भई डिप्लोमा तथा प्रमाणपत्र तहको प्रवेश परीक्षा संचालन छात्रवृत्ती वितरण तथा भर्ना सम्वन्धी निर्देशिका २०८० अनुरुप लिखित परीक्षाको अंक र एस.एल.सी / एस.ई.ई. को शैक्षिक प्रमाणपत्रहरु वापत तोकिएको अंकको योगफल गरी स्वीकृत कार्यक्रमहरुको वर्ग, कोटाको योग्यताक्रम वमोजिम मिति २०८०।०५।१८ गतेको निर्णय अनुसार मुख्य सफल उम्मेदवार, उत्तिर्ण सूचि सहितको नतिजा प्रकाशित गरिएको व्यहोरा सम्वन्धित सवैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । मुख्य उम्मेदवारको रुपमा छनौट भई भर्नाका लागि सिफारिस भएका उम्मेदवारहरुले मिति २०८०।०५।२७ गते कार्यालय समय भित्र आफ्नो सक्कल प्रवेश पत्र, शैक्षिक योग्यताको प्रमाण पत्र, नागरिकता वा जन्म दर्ता , छनौट भएको लक्षित वर्गको सक्कल प्रमाणपत्र र आफ्नो फोटो सहित आवेदन दिएको शिक्षालयमा भर्ना हुन जानु हुन जानकारी गराइन्छ । सम्वन्धित शिक्षालयले यसै सूचनालाई आधार मानी परीक्षार्थीहरुले पेश गरेको सक्कल प्रमाणपत्रका कागजातहरु, नतिजा र ITMS को डाटा प्रविष्टि शिक्षालयका प्राचार्यले रुजु गरेर परिषद् कार्यालयवाट तोकिए अनुसारको शुल्क रकम लिई डिप्लोमा / प्रमाणपत्र तहको प्रवेश परीक्षा संचालन छात्रवृत्ती वितरण तथा भर्ना निर्देशिका २०८० को वूँदा नं. ३(ङ), २३ र २४ अनुसार भर्ना गर्नु हुन अनुरोध छ ।

पुनश्चः ITMS मा डाटा प्रविष्टि गर्ने क्रममा शिक्षालयले त्रिटुपूर्ण डाटा प्रविष्टि गरेको भएमा सो को जिम्मेवार सम्वन्धित शिक्षालयको प्राचार्य नै हुनेछ ।

**निर्देशक**